# प्र.मं.प.वै.सं. ८/२०७५ को निर्णय उतार

**देहायका प्रस्तावमा देहायमा लेखिए वमोजिम गर्ने :**

१. आन्तरिक मामिला तथा कानून मन्त्रालयको नं. ८/२६-२०७५।०१।१६ को प्रस्ताव "प्रदेश नं. ७ प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक सुविधाको व्यवस्था सम्वन्धमा विधेयकको मस्यौदा तर्जुमा गर्न सहमति प्रदान गर्ने" -सम्वन्धमा प्रस्तावमा लेखिए वमोजिम गर्ने ।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. ८/२७-२०७५।०१।१६ को प्रस्ताव "प्रदेश नं. ७ को सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) सम्वन्धि विधेयक, २०७५ प्रदेश सभामा पेश गर्न स्वीकृति दिने" -सम्वन्धमा प्रस्तावमा लेखिए वमोजिम गर्ने ।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. ७/२३-२०७५।०१।०९ को प्रस्ताव "स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७५ प्रदेश सभामा पठाउन स्वीकृति दिने" विषयको प्रस्तावमा मं.प.वै.सं. ७/२०७५।०१।०९ को मन्त्रिपरिषद् वैठकबाट आवश्यक अध्ययन गरि परिमार्जन गर्नुपर्ने भए परिमार्जन गरि मन्त्रिपरिषद्को आगामि वैठकमा पेश गर्न मन्त्रिपरिषद् प्रशासन तथा विधेयक समितिमा पठाउने निर्णय भए वमोजिम प्रशासन तथा विधेयक समितिको मिति २०७५।०१।१९ को वैठकबाट परिमार्जन भई आएको उक्त विधेयकलाई थप परिमार्जन सहित स्वीकृत गरि प्रदेश सभामा पठाउने ।

४. "कञ्चनपुर जिल्लाको पुर्नवास क्षेत्रमा रहेको सिमा विवाद टुङ्ग्याउने" सम्वन्धमा माननीय मुख्यमन्त्रीज्यूको ठाडो प्रस्ताव उपर छलफल हुदा पुर्नवास क्षेत्रमा रहेको सिमा सम्वन्धि नापजाँच टोली खटाई सिमा विवाद टुङ्ग्याउन नेपाल सरकारलाई अनुरोध गर्ने ।

५. "प्रदेश नं. ७ को प्रदेश सभाको चालु हिउदे अधिवेसन समापन गर्ने" सम्वन्धमा माननीय मुख्यमन्त्रीज्यूको ठाडो प्रस्ताव उपर छलफल हुँदा प्रदेश सभाको चालु अधिवेसन मिति २०७५।०१।२० गते देखि समाप्त गर्न माननीय प्रदेश प्रमुखज्यूमा सिफारिश गर्ने ।